आज मिति २०७८ साल चैत्र २० गतेका दिन यस गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको ६३ औं बैठक बसी तपशिलको उपस्थितिमा निम्न निर्णयहरु – पारित गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री | जमान सिंह के.सी. | अध्यक्ष |
| " | हिमा कुमारी थरुनी | सदस्य |
| " | दयाराम वैद्य थारु | " |
| " | आलोक कुमार थारु | " |
| " | पुनाराम थारु | " |
| " | बल बहादुर चलाउने | " |
| " | धर्म प्रकाश थारु | " |
| " | टेकु बहादुर चौधरी | " |
| " | राजु वडुवाल रवगी | " |
| " | मोधिला शर्मा पौडेल | " |
| " | शान्ति चौधरी | " |
| " | बम बहादुर वि.क. | " |
| " | कालि प्रसाद पेगेनी | सचिव |
| " | चन्द्रकला कामी | सदस्य |

## अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री | नारायण प्रसाद भण्डारी | प्र.प्र.अ. |
| " | प्रकाश शर्मा | सू.प्र.अ. |
| " | कृष्ण नारायण चौधरी | ना.सु. |
| " | तिर्थ बहादुर सिंह | इं. ली.प. |
| " | प्रकाश थापा | – प्र.चौ पशुपतिनगर बर्दिया । |

निर्णय नं. १ विश्वको अधिकांश मुलुकमा महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (Covid 19) को संक्रमण फैलिन र फैलिन नदिन देशमा Lock down को अवस्था सिर्जना भई विभिन्न क्षेत्रमा काम गर्ने दैनिक काम गरी जीवन गुजारा गर्ने समुदायलाई Lock down अवधी भर जीवन गुजाराको लागि राहत वितरण गर्ने नेपाल सरकारले निर्णय गरेको हुँदा यस गाउँपालिका अन्तर्गतका वडाहरुमा तत्काल राहत वितरण गरिने घरधुरीहरुको तथ्यांक संकलन गर्ने र सो कार्यकालागी सबै वडा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. २ कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुको लागी राहत सुविधा प्रदान गर्ने नेपाल सरकारको मिति २०७६।१२।१८ को निर्णय बमोजिम यस गाउँपालिका अन्तर्गतका प्रभावित व्यक्तिहरुलाई राहत उपलब्ध गराउन यस गाउँपालिकाको चालु आ.व.को तपसिलको रकमहरु बजेट शिर्षक बाट तपसिल बमोजिमको रकम रु. ३० लाख विपद व्यवस्थापन कोष (ग-४) मा रकमान्तर गरी यस गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई नै कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषको रूपमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | खर्च शिर्षक | कुल बजेट | रकमान्तर |
|---|---|---|---|
| १. | समपुरक कोष | रु. १,००,००,०००।– | १४,००,०००।– |
| २. | मर्मत सम्भार कोष | रु. ५०,०००,०००।– | १२,५०,०००।– |
| ३. | एम्बुलेन्स खरिद | रु. १५,००,०००।– | ३,५०,०००।– |
| | | जम्मा | ३०,००,०००।– |

निर्णय नं. ३ यस गाउँपालिकामा भएका खाद्यान्न लगायतका अत्यावश्यक सामान बिक्रेता पसलहरु खोल्ने नखोलेको, अत्यावश्यक सामान उपलब्ध भए, नभएको अनुगमन गरी सो को आवश्यक व्यवस्था मिलाउन गाउँपालिका संग समन्वय गर्न वडा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.४ कोरोना भाइरस (Covid 19) को रोकथाम, नियन्त्रण तथा उपचार गर्न व्यवस्थित क्वारेन्टाइन संचालनको लागि आवश्यक आर्थिक व्यवस्थापन यस गाउँपालिकाको विपद् व्यवस्थापन कोष बाट गर्ने निर्णय गरियो ।

निर्णय नं.५ कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचारलाई व्यवस्थित गर्न नगद तथा जिन्सी सहायता राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिबाट प्राप्त नगद सहायता विपद् व्यवस्थापन कोष मार्फत प्राप्त गरी खर्च गर्ने र जिन्सी सहायता जिन्सी शाखामा दाखिला गरी वितरण गर्नुको साथै ~~[illegible]~~ थप सहायताको लागि सम्पूर्ण संघ संस्था तथा व्यक्तिहरूलाई यस गाउँपालिकाको विपद् व्यवस्थापन कोष नं ५ (०३३००१०००६६५६) मा जम्मा गर्न अनुरोध गर्ने निर्णय गरियो ।